# प्यूठान नगरपालिकाको पाँचौं नगरसभामा प्रस्तुत आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम

**आदरणिय यस वैठकका अध्यक्ष ज्यू, नगरका उप प्रमुख ज्यु, कार्यपालिका सदस्य ज्युहरु तथा नगर सभाका सदस्य ज्यूहरु,**

सर्वप्रथम मुलुकमा स्थायित्व, विकास र लोकतन्त्र स्थापनाका लागि आनो अमूल्य जीवन आहुति गर्ने ज्ञात अज्ञात शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै उच्च सम्मान प्रकट गर्न चाहन्छु । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्धारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न नगरसभामा आर्थिक वर्ष २०७६/०७७ को नीति, योजना, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउँदा म लगायत सिङ्गो नगरपालिका परिवारलाई गौरव महशुस भइरहेको छ । यो ऐतिहासिक क्षणमा उपस्थित भई कार्यक्रमको शोभा र गरिमा बढाई हामीलाई हौसला प्रदान गर्नु हुने सम्पूर्ण नगरसभा सदस्यज्यूहरु प्रति हार्दिक स्वागत गर्दै उच्च सम्मान र आभार प्रकट गर्दछु । योजना तर्जुमा प्रक्रियाका विभिन्न चरणहरुमा आफ्नो अमूल्य समय तथा राय, परामर्श उपलब्ध गराउनुहुने विषयगत समितिहरुका पदाधिकारीहरु, राजनीतिक दलका नगरस्तरीय प्रमुख एवं प्रतिनिधिज्यूहरु, उद्योग वाणिज्य संघका प्रतिनिधिहरु, पत्रकारहरु, विभिन्न वित्तीय संस्थाका प्रतिनिधिहरु, सम्पूर्ण वडाहरुका अध्यक्ष एवं सदस्यज्यूहरु, विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरु र प्यूठान नगरपालिकाको पाँचौं नगर सभालाई आजको यस अवस्थासम्म ल्याउन प्रत्यक्ष तथा परोक्ष रुपले सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरु प्रति पनि हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

मुलुकको संक्रमणकालीन परिस्थितिका बावजुत स्थानीय तह निर्वाचन पश्चातको दुई वर्षको कार्यकाल सफलतापूर्वक सम्पन्न गराउन सहयोग गर्नुहुने सम्पूर्ण नगरवासीहरुमा बधाइ एवम हार्दिक कृतज्ञता व्यक्त गर्दछु । हामीले यो सभाको तयारी गर्ने सन्दर्भमा नगरसभाका सदस्यज्यूहरु, कार्यपालिकाका सदस्यज्यूहरु, विषयगत समितिका सदस्यज्यूहरु, विषयगत विषेशज्ञज्यूहरु, नगरस्थित राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु एवं सरोकारवालाहरुबाट प्राप्त भएका राय, सल्लाह, सुझाव र परामर्शलाई समेत उचित स्थान दिएको व्यहोरा सम्मानित सभामा अवगत गराउन चाहन्छु । हालका दिनसम्ममा जनताको सबैभन्दा नजिक रहेर कार्य सम्पादन गर्ने निकाय तथा सरकारको रुपमा स्थानीय तहहरु रहेको हुँदा यस्तो संस्था प्रति जनताका धेरै अपेक्षा हुनुलाई स्वभाविक रुपमा लिने गरिन्छ र स्थानीय तह गठन र स्थापना गरिनुको मूल मर्म पनि यही नै हो । उपलब्ध श्रोत, साधनको सीमा, त्यसको वितरण र पुनर्वितरण, समावेशी विकास र जनताको अधिकतम हितलाई सम्वोधन गर्दै स्थानीय प्रजातान्त्रिक अभ्यासको सुदृढीकरण गर्नु, सामाजिक सशक्तीकरण र समावेशीकरण मार्फत वञ्चितीकरणमा रहेका वर्गको मूलप्रवाहीकरण गर्नु, स्थानीय स्तरमा रोजगारीका अवसरहरु वृद्धि गरी युवा जनशक्तिलाई स्वरोजगार तर्फ उन्मुख गराउनु, निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायीकरण तथा आधुनिकीकरण गर्नु, उपलब्ध स्रोत साधनलाई उत्पादनशील क्षेत्रमा प्रवाहित गर्नु, स्थानीय स्तरमा सुशासन प्रवर्द्धन गर्नु जस्ता विषयहरु हाम्रा आजका चुनौतिहरु रहेका छन् भने व्यापक जनसहभागिता, स्थानीय तह प्रति नगरवासीहरुको ऐक्यवद्धता, उत्साह, चिन्ता र चासो, स्थानीय स्तरमा राजनीतिक सहभागिता, सहकार्य राजनैतिक दलहरुको सुझबुझपूर्ण समझदारी तथा विभिन्न सरकारी तथा गैर

सरकारी संघ संस्थाहरुको सहयोग, समन्वय र सहकार्य हाम्रालागि अवसरहरु रहेका छन् । तसर्थ अवसरहरुको उपयोग मार्फत चुनौतिहरुको सामना गर्ने दिशामा हाम्रो ध्यान जान जरुरी छ र यसका लागि नगरपालिकाले आगामी दिनहरुमा समेत यस्ता अवसरहरुको निरन्तरताको अपेक्षा गरेको छ ।

मुलुक अहिले संघीय संरचना अन्तर्गत केन्द्र, प्रदेश र स्थानीय तहको संरचनामा उभिएको कुरा नेपाली जनताद्धारा लेखिएको नेपालको संविधान २०७२ ले स्पष्ट गरेको र संविधानले नै स्थानीय तहको सरकारको परिकल्पना गरी सो को अधिकारको सूची समेत पनि तय गरिसकेको छ । संघीय संरचना र स्थानीय तहको कार्यान्वयन संगै हाम्रा क्रियाकलाप पनि सोही बमोजिम संचालन गरिनु पर्ने व्यहोरा हामी सबैलाई विधितै छ । यस नगरपालिकाको पाँचौं नगरसभा समक्ष आगामी आ.ब. २०७६/०७७ का लागि तर्जुमा गरिएको नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउँदा म लगायत सिङ्गो प्यूठान नगरपालिका परिवारलाई गौरव महशुस भइरहेको छ ।

विगत लामो समयदेखि निर्वाचित जनप्रतिनिधि विहीनताको परिस्थितिमा पनि सर्वदलीय प्रतिनिधिसँगको समन्वयमा सीमित स्रोत साधनको अधिकतम परिचालन गरी बढ्दो शहरीकरणको व्यवस्थापन तथा जनतालाई आधारभूत शहरी सेवा-सुविधा उपलब्ध गराउने काममा कुनै किसिमको कमी कमजोरी हुन नदिन सिङ्गो नगरपालिका परिवार जिम्मेवार भई निरन्तर प्रयासरत रहेकोले कर्मचारीहरु र नगरवासीहरुमा धन्यवाद टक्र्याउन चाहान्छु । यसका लागि टोल विकास संस्थाहरु, पेशागत संघ-संगठन, नागरिक समाज लगायत अन्य संघसंस्थाहरुले नगरपालिका र नगरबासीहरु वीचमा रहेर सम्वन्ध सुत्रको रुपमा काम गरिरहेको कुरा हामी सवैलाई थाहा नै छ । निर्वाचित जनप्रतिनिधिहरु आएको छोटो समयमा पनि जनमुखी एवं जिम्मेवार राजनैतिक दलहरुको सहमति, समन्वय र सहयोगमा नगरपालिका आफ्नो घोषित लक्ष्य प्राप्तिमा अविचलित रुपमा कार्यरत रहेको व्यहोरा निवेदन गर्न चाहन्छु । विशेषत: नीतिगत निर्णय र विकास निर्माणको सन्दर्भमा सृजित कठिन चुनौतिहरु सहजरुपमा व्यवस्थापन गर्न यस क्षेत्रबाट प्राप्त भएको सहयोग, सहकार्य एवं समन्वय मुलुक भरका लागि उदाहरणीय भएको व्यहोरा पुनः यस सम्मानित सभा समक्ष सगर्व स्मरण गराउन चाहन्छु ।

आदरणिय नगर सभाका सदस्यज्यूहरु,

अव म चालु आ.व. ०७५/७६ को नीति तथा कार्यक्रम बमोजिम भए गरेका कार्य तथा प्रयासहरुको संक्षिप्त प्रगति विवरण प्रस्तुत गर्दछु ।

१. चौथो नगर सभावाट स्वीकृत कार्यक्रम वमोजिम चुनौतीको रुपमा रहेको फोहोर व्यवस्थापन गरि मोहरमा परिणत गरिएको छ भने उक्त फोहोर व्यवस्थापन केन्द्रलाई वहुउद्धेश्यीय व्यवसाय तर्फ उन्मुख गराउन विकसित गर्दै जाने रणनिती अवलम्वन गरिएको छ ।

२. प्यूठान नगरपालिकाको १० वटै वडाहरुमा अन्तर सडक सञ्जालले जोडिएको छ भने यस आ.व.मा २७ कि.मी.सडकको ट्याक खोली स्तरोन्नती गरी वाह्रै महिना सडक संचालनमा ल्याउने निति ल्याईएको छ ।

३. ज्येष्ठ नागरिकलाई निशुल्क आँखा उपचारको व्यवस्था गरी ८४ वर्ष भन्दा माथीका सवै ज्येष्ठ नागरिकहरुको स्वास्थ्य परिक्षण घरमै गई सेवा उपलब्ध गराईएको छ।

४. कृषि र पशु सेवा तर्फ आत्मानिर्भर वनाउन वडा नं. ५,३ र १० मा प्रदेश सरकार र नगरपालिकाको सहयोगमा व्यवसायीक वाखा पालन प्रारम्भ गरिएको छ भने कृषि तर्फ आत्मा निर्भर वनाउन वडा नं. २ र ९ मा व्यवसायीक आधुनीक कृषि खेतीको शुरुवात गरिएको छ।

५. यसै आ.व.मा स्वच्छ खानेपानी स्वस्थ्य जीवन सवैका लागि भन्ने अभियान अन्तर्गत वडा नं. ६ मा १८० घरधुरी वडा नं. ५ मा ४८ घर धुरी वडा नं. ८ मा ६० घरधुरी र वडा नं. १ मा २८ घरधुरी गरी जम्मा ३१६ घरधुरीमा एक घर एक धाराको पहुँचमा लिईएको छ।

६. यसै आ.व.मा प्रदेश सरकार र प्यूठान नगरपालिकाको संयुक्त साझेदारीमा प्यूठान नगरपालिकाको वाग्दुला पुल्चोकमा रु. ४५ लाखको लगानीमा व्यवस्थित फलफुल तथा तरकारी व्यवस्थापन केन्द्र निर्माण कार्या सम्पन्न गरी संचालनमा ल्याईनेछ।

७. यस आ.व.मा संघीय सरकारको समपुरक कोष र प्यूठान नगरपालिकाको समपुरक कोषवाट वडा नं. १ र २ मा नदी नियन्त्रणको लागि रु. १ करोड र वडा नं. ४ र ७ पाखाडेरा, टाकुरा, खमल्दी सोलार लिफ्ट खानेपानी योजना (सत्तरी) योजनाको लागि रु. १ करोडको सम्झौता भई कार्यन्वयन भई रहेको छ भने, वडा नं  वडा नं. ३ र ५ को ढुंगेठाँटी, ठुलोगाँउ, देउराली ओखरवोट, सेपुङ र खाद्यचौर जोड्ने सडक स्तरोन्नती कार्यको लागि रु. १ करोड ५० लाख, वडा नं. ६ र ८ को ढुंगेठाटी, स्वामीफेद, काफलवुटा, लम्छाङ्नेटा भलापानी, खप्रेङखोला सडक स्तरोन्नतीको लागि रु. १ करोड र वडा नं. ९ र १० को महत्वपुर्ण चक्रपथ खरिवोट, पारपाखा, आँपपाटा, वुढादेवी,टाकुरा,स्यालपाखा खरिवोट स्तरोन्नती कार्यको लागि रु. १ करोड गरी जम्मा रु. ३ करोड ५० लाखको पुन टेण्डर आव्हान भई सकेको छ।

८. नेपाल सरकार शहरी विकास तथा भवन निर्माण विभागको सहयोगमा ठुला आयोजनाको रुपमा झिमरुक नदीको डिपि आर र जुम्री वसपार्क देखि ढुंगेठाँटी देउराली रोल्पा १६ कि.मी. सडकको डिपि आर तयारी सहित प्यूठान नगरपालिकाको एकिकृत शहरी विकास योजना (IUDP) निर्माण कार्य अन्तिम चरणमा रहेको छ।

९. लाभग्राहीले सरल र सहज रुपमा प्राप्त गर्न सक्ने गरी सम्वन्धित वडाको पायक पर्ने वैंक संग सम्झौता गरी वैंङकिङ प्रणालीवाट सवै वडाहरुमा सामाजिक सुरक्षा भत्ता वितरण भईरहेको छ।

१०. नगरपालिकाको पहल र नेपाल विद्युत प्रावधिकरणको सहयोगमा नगरक्षेत्रमा रहेको विद्युतीकरणको समस्यालाई समाधान गर्न नगर क्षेत्रका विद्युत पोल तथा तार विस्तार एवं ट्रान्सफर्मर प्रतिस्थापन तथा थप गर्ने कार्य भएको छ।

११. प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत नगरक्षेत्र भित्रका ३०८ जना वरोजगारलाई रोजगार श्रृजना गरी विकास निर्माण तथा आयमुलक कार्यमा परिचालन गरिएको छ।

१२. प्रदेश सरकार र प्यूठान नगरपालिकाको संयुक्त साझेदारीमा प्यूठान नगरपालिकाको वडा नं. ४ को सेवा केन्द्रमा रु. १ करोड ३६ लाखमा निर्माण गरिने शित भण्डार (Cold store) निर्माण कार्यको सम्झौता सम्पन्न भएको छ । यस शित भण्डारको लागि नगर भित्रका सहकारीहरु र निजी क्षेत्रको साझेदारी रहने छ ।

१३. दिगो फोहोर व्यवस्थापनको लागि वैकल्पिक उर्जा केन्द्रको साझेदारीमा कार्य गर्ने गरी प्यूठान नगरपालिका, मल्लरानी गाउँपालिका र माण्डवी गाउँपालिका विच संयुक्त रुपमा समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भएको छ ।

१४. प्रदेश सरकार, प्यूठान नगरपालिकाको समपुरक कोष र वृहत खानेपानी उपभोक्ता समितिको संयुक्त लगानीमा रु. १ करोडमा वृहत खानेपानीको निर्माण कार्य भई रहेको छ ।

१५. प्रदेश सरकार र प्यूठान नगरपालिकाको समपुरक कोषवाट रु. १ करोड वाट जनता आवस कार्यक्रम अन्तर्गत कर्कट पाता खरिद गरी यस आ.व.मा २२० घरधुरी लाई खरको छाना मुक्त घरधुरीको रुपमा परिणत गरिनेछ ।

१६ यस आ.व. देखि नगरपालिकाको नगरपालिकाका सम्पुर्ण प्रशासकीय कार्य गरी गरी नयाँ प्रशासकीय भवन सम्पन्न भई सोही भवनवाट सेवा प्रवाह गरिएको छ ।

१७ वन डिभिजन कार्यालयको आर्थिक सहयोगमा प्यूठान नगरपालिका वडा नं. ४ गाँजुरीमा रु. ५० लाखको लगानीमा सहिद स्मृति पार्क निर्माण कार्य भई रहेको छ ।

१८. प्रदेश सरकारको आर्थिक सहयोगमा रु. ७५ लाखमा गणतान्त्रिक खेलकुद मैदानको स्तरोन्नती कार्य भई रहेको छ ।

१९. ज्येष्ठ नागरिक परिचय पत्र र अपाङ्गता परिचय पत्र वितरण गरिएको छ ।

२०. प्यूठान नगरपालिकाको विषेश पहलमा नेपाल सरकारवाट हालैमात्र ४ वटा वडाहरुमा (वडा नं. २, ४,७ र १०) मा आधारभुत स्वास्थ्य सेवा केन्द्रको निर्णय भई यसै आर्थिक वर्ष देखि ति स्वास्थ्य केन्द्रहरुको संचालनको प्रकृयामा ल्याईएको छ । यस व्यवस्था संगै प्यूठान नगरपालिकाको १० वटै वडाहरुमा स्वास्थ्य सेवाको सुचिश्चिता भएको छ ।

२१. प्यूठान नगरपालिकाको सहयोग र जिल्ला प्रशासन कार्यालयको आयोजनामा प्यूठान नगरपालिका वडा नं. ५ मा एकिकृत घुम्ती सेवा सेवा शिवीर सम्पन्न गरिएको छ । साथै विजौरी आयुर्वेद औषधालय दाङ्गको प्राविधिक सहयोगमा वडा नं. ३ मा विषेशज्ञ आयुर्वेद स्वास्थ्य उपचार शिविर र वडा नं. ८ मा घुम्ती स्वास्थ्य शिविर सम्पन्न गरिएको छ ।

२२. विपन्न नागरिकहरुलाई रु. १ लाख वरावर स्वास्थ्य उपचारको लागि सिफारिस गरी स्वास्थ्य उपचारमा पहल गरिएको छ ।

२३. गुणस्तरिय शिक्षा अभिवृद्धिका लागि प्यूठान नगरपालिका भित्रका ५२ वटै सामुदायीक विद्यालयलाई अनुदान उपलब्ध गराईएको छ ।

२४. एक वडा एक नमुना विद्यालय छनौट गरी आइ. सि.टी. माध्यमवाट पठनपाठनका लागि अनुदान उपलब्ध गराई पठनपाठनको कार्य प्रारम्भ गरिएको छ।

२५. धाईरेचौर, रिची, धंगे, ढाडमङ्ग्रा र ओवाङमा वालविकास केन्द्र स्थापना गरी अनुदान उपलब्ध गराईएको छ।

२६. नगरपालिका भित्रका ६४ वटै वालविकास केन्द्रका सहजकर्ताहरुका लागि प्रोत्साहन स्वरुप अनुदान उपलब्ध गराईएको छ।

२७. विद्यालयको वास्तविक अवस्था वुझी सुधारको लागि (Stasms) कार्यक्रम संचालन गरिएको छ भने उत्कृष्ट शिक्षकहरुको लागि पुरुस्कारको व्यवस्था गरिएको छ।

२८. लक्षित वर्गको लागि लोकसेवा तयारी कक्षा संचालन, ड्राईभिङ तालिम, वडा सञ्जाल गठन, जनजातीको लागि भेषभुषा तथा संस्कृती जगेर्ना लगायतका कार्यक्रमहरु संचालन गरिएको छ।

२९. नगर वजार क्षेत्र र प्यूठान नगरपालिका भित्र सुरक्षा तथा सुशासनलाई दृष्टिगत गरी सि.सि. क्यामरा जडान गरिएको छ भने नगरपालिका, स्वास्थ्य केन्द्रहरु र माध्यमिक विद्यालयहरुमा विद्युतिय हाजिरी जडान गरिएको छ।

३० प्यूठान नगरपालिकाको विषेश पहलमा नेपाल सरकारवाट करिव ५ करोडको लगानीमा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। सोको लागि नगरपालिकाले रु. ४० लाख वरावरको आवश्यक जग्गा व्यवस्थापन गरेको छ।

३१. प्युठान नगरपालिकाबाट यस आ. व. मा भित्रिकोट पर्यटन क्षेत्रको डि. पि. आर., शहिद स्मृती पार्कको डि. पि. आर., र खेलकुद मैदानको डि. पि. आर. तयार गर्ने काम सम्पन्न भएको छ भने दाखाक्वाडी बर्जिवांग सोत्रेसारी सडक, बिजुवार थापा डांडा खलंगा सडक, पुन्यखोला धरमपानी लिपीकोट भित्रीकोट सडक, जुम्रीकांडा बिजुवार बृहत खानेपानी, जुम्रीकांडा बिसमुरे खानेपानी, मरन्ठानाकोट लिफ्ट खानेपानी योजना, ठुलोगांउ पुर्नागांउ खानेपानी योजना, बडडांडा थापा डांडा लिफ्ट खानेपानी योजना र लिस्ने भिउ टावरको डि. पि. आर. गर्ने कार्यको कार्यदेश भई सम्पन्न गरिने छ।

आदरणीय नगरसभा सदस्यज्यूहरु,

नेपाल सरकारको मिति २०७१ बैशाख २५ गतेको घोषणा अनुसार साविकका दाखाक्वाडी, बिजयनगर, बिजुवार, जुम्रीकांडा, मरन्ठाना तथा खैरा र खलंगाका गाऊँ विकास समितिका केही भागहरुलाई समायोजन गरी प्यूठान नगरपालिका स्थापना भएको र आर्थिक तथा सामाजिक विकासका प्रचूर सम्भावनाहरु बोकेको यो नगर तथा आसपासका क्षेत्रहरुमा बढ्दै गइरहेको बसोबासले सडक,

खानेपानी, विद्युत, शिक्षा, स्वास्थ्य जस्ता शहरी सुविधाहरुको मागमा बढोत्तरी हुंदै गएको छ भने अर्को तिर अत्यावश्यक र आधारभूत शहरी सेवाहरु (सरसफाई व्यवस्थापन, दमकल सेवा, सडक बत्ती) को सुविधा उपलब्ध गराउन नसकिएको सन्दर्भमा आगामी आर्थिक बर्षमा फोहर व्यवस्थापन, सडक बत्ती जस्ता सेवालाई प्राथमिकताका साथ कार्यान्वयन गरिने व्यहोरा सम्मानित सभा समक्ष अवगत गराउन चाहन्छु र यसका लागि सरोकारवाला निकायहरुको साथ र सहयोगको अपेक्षा पनि गरेको छु । नगरपालिकाको द्रूततर विकासको लागि नीतिगत सुधार, सम्पूर्ण व्यवस्थापकीय क्षमता विकास, विकास साझेदारहरुको पहिचान र सहकार्यका माध्यमबाट दीर्घकालीन सोंचका साथ हाम्रा योजना तथा कार्यक्रमहरु परिलक्षित हुनुपर्ने बेला आइसकेको तथ्य पनि यस अवसरमा अनुरोध गर्न चाहन्छु ।

आदरणीय नगरसभा सदस्यज्यूहरु,

जनताले आफ्नो आवश्यकतालाई सम्वोधन गर्ने योजनाहरु आफ्नै सहभागितामा छनौट गर्न सकुन भन्ने अवधारणा अनुरुप प्रत्येक वडावासीहरुको व्यापक सहभागितामा वडा स्तरीय योजना तर्जुमा भेला, विषयगत समितिहरुवाट पेश भएका राय, कार्यपालिकामा छलफल, विभिन्न सरोकारवाला वीच अन्तक्रिया एवं छलफल गरी सहभागितामूलक योजना तर्जुमा प्रक्रियाका विभिन्न चरणहरु पार गरी तयार पारिएको आगामी वर्ष २०७६/०७७ को वार्षिक नगर विकास योजनाको प्रस्तावित कार्यक्रम तथा बजेट विवरण सहित आज हामी अन्तिम चरणमा यहाँहरु सामु उपस्थित भएका छौं ।

यस नगरपालिकाले राखेको **"पर्यटन, कृषि र पूर्वाधार, समृद्ध प्यूठानको मूल आधार"** भन्ने दीर्घकालीन सोँच तथा दीर्घकालीन लक्ष्य र नीतिसंग सहभागितामूलक योजना तर्जुमा प्रक्रियाको माध्यमबाट छनौट भएका योजना तथा कार्यक्रमहरु बीच तादात्म्यता कायम गर्नु हाम्रा सामु चुनौतिको विषय बनेको छ ।

नगरपालिकाको मध्य भागमा भालुवाङ-बाग्लुङ (भिमगिठे) सडक रहेको, पर्यटन, कृषि तथा उद्योगको पर्याप्त सम्भावना रहेको, धार्मिक सांस्कृतिक पहिचान बोकेको, प्राकृतिक श्रोत र साधनको प्रचूरता भएको एवं स्थानीय कृषि उत्पादनको बजारीकरण गर्न सकिने आधार भएकोले विकासका लागि पर्याप्त सम्भावना भएको नगरको रुपमा रहेको छ । विगतका नीति, योजना तथा कार्यक्रमको कार्यान्वयनबाट आर्थिक, सामाजिक र भौतिक पूर्वाधार विकासमा केही उपलव्धिहरु भएका छन् । त्यस्ता उपलब्धिहरुलाई दीगो र संस्थागत गरी दीर्घकालीन सोंचका साथ योजना तथा कार्यक्रम बनाउन आवश्यक देखिन्छ । विकासको स्वामित्वबोध नहुनु, गैर योजनामा नयाँ ट्रयाक खोल्ने प्रवृत्ति, युवा श्रमशक्तिको विदेश पलायन, कृषिलाई व्यवसायीकरण नगरिनु, लघु, घरेलु तथा साना उद्योग ओझेलमा पर्नु, कृषि पेशालाई गौरवान्वित पेशाको रुपमा स्वीकार नगरिनु, उत्पादनमूलक भूमिको खण्डीकरण, आवास तथा भूमिको बैज्ञानिक ढंगले उपयोग गर्न नसक्नु, प्राकृतिक श्रोत साधनको बैज्ञानिक उपयोग गर्न नसक्नु, शिक्षा र स्वास्थ्यमा पर्याप्त लगानी हुन नसक्नु, नैतिकता र आत्मउत्तरदायित्व कमजोर हुनु जस्ता समस्या तथा चुनौतिहरु हाम्रो सामु विद्यमान छन् ।

विकास र सेवा प्रवाहलाई निश्पक्ष र पारदर्शी तवरबाट नागरिक सामु पुर्‍याई स्थानीय सुशासनको प्रत्याभूत गराउन नगरपालिकाको भूमिका महत्वपूर्ण हुन्छ । नयाँ परिप्रेक्ष्यमा नागरिकका चाहनाहरुलाई परिपूर्ति गर्दै **समृद्ध प्यूठान नगर** निर्माणमा हामी सवैको जोड रहनेछ । हामी सवैले चाहेको समृद्ध प्यूठान निर्माण गर्नका लागि नगरपालिकाले निम्नानुसारका दिर्घकालीन नीति र योजनाका साथ अंगाडि वढ्ने लक्ष्य लिएको सम्मानित नगर सभा समक्ष राख्न चाहन्छु ।

यसै सन्दर्भमा हाम्रो नगरपालिकाले आगामी दिनमा अख्तियार गर्ने विभिन्न विषयगत क्षेत्रका क्षेत्रगत नीतिहरु यस प्रकार छन् ।

## आर्थिक बिकास क्षेत्र

१. कृषिमा यान्त्रीकरण, विविधीकरण एवं ब्यबसायीकरणमा जोड दिइनेछ ।

२. भौगोलिक सम्भाब्यता र निर्मित पूर्वाधारहरु मध्यनजर गरी तुलनात्मक लाभप्रद बाली उत्पादनमा जोड दिइनेछ ।

३. बढ्दो खाद्यान्न आयातलाई मध्यनजर गरी सिंचित एवं अन्य क्षेत्रमा बाली सघनतामा जोड दिइनेछ ।

४. नगरपालिका भित्र रहेका कृषिसँग सम्बद्व निकायहरुसँग समन्वयात्मक रुपमा कृषि कार्यक्रमहरु सञ्चालन गरिने छ ।

५. स्थानीय श्रोतको उपयोग र बिस्तारमा जोड दिइनेछ ।

६. निर्यातयोग्य एवं उच्च मूल्यवान कृषि उपजहरुको उत्पादन तथा बजार प्रबर्द्धन कार्यक्रममा जोड दिइनेछ ।

७. .कृषि बिकासको मूल प्रवाहमा महिला, दलित तथा विपन्न वर्गको पहुँच बढाइनेछ ।

८. नगर भित्र **एक वडा एक उत्पादन कार्यक्रम** संचालनार्थ आवश्यक कार्यक्रम संचालन गरिनेछ । साथै आलु, प्याज र लसुनमा आत्मनिर्भर हुनको लागि यसै वर्षदेखि पकेट क्षेत्र घोषण गरी लागू गरिनेछ ।

९. युवा जनशत्तिलाई ब्यबसायिक कृषि तथा पशुपालनमा आकर्षण गर्न युवा लक्षित कार्यक्रम संचालन गरिनेछ ।

१०. नगर क्षेत्र भित्र रहेका सहकारीहरुको क्षमता बिकास गरी उदेश्य अनुरुप संचालनमा जोड दिइने छ ।

११. सहकारी, बैङ्क तथा वित्तीय क्षेत्र मार्फत लगानी हुने कृषि कर्जालाई सरल रुपमा कृषक माझ पुर्‍याउन विशेष कार्यक्रम संचालन गरिनेछ ।

१२. कृषिउपज तथा पशुपंक्षीहरुमा प्राकृतिक प्रकोपबाट हुने क्षति न्यूनकीरण गर्न तथा कृषकको लगानीलाई सुनिश्चित गर्न **कृषि तथा पशु विमा कार्यक्रम**हरु सम्बन्धित निकायहरुसँग समन्वय गरी संचालन गरिनेछ ।

१३. स्थानीय स्तरमा मौसम अनुसार आवश्यक पर्ने गुणस्तरयुक्त बीऊ बिजन, बोटबिरुवा र श्रोत सामाग्रीहरुको उत्पादन तथा दिगो आपूर्तिको ब्यवस्थामा जोड दिइने छ । उन्नत जातका वीउ र विरुवाहरुको उत्पादन तथा वितरण गरी कृषि उत्पादनलाई दोब्बर बनाउने रणनीति अख्तियार गरिनेछ ।

१४. कृषि उत्पादन तथा उत्पादकत्वमा परिमाणत्मक एवं गुणात्मक बृद्धिका लागि आवश्यक पर्ने कृषि उत्पादन सामग्री तथा सेवामा कृषकहरुको पहुँच बढाई सक्षम बनाउन पहल गरिनेछ ।

१५. बढ्दो बेरोजगारीलाई लक्षित गर्दै बिबिध क्षेत्रमा स्वरोजगारका अवसरहरु सिर्जना गर्नकालागि स्वरोजगारमूलक तालीम (वेल्डीङ तालीम, हाउस वायरिङ तालीम, प्लबिङ तालीम, मेशिनरी मर्मत सम्भार लगायत) संचालन गरिनेछ ।

१६. पछाडि पारिएका/परेका महिला दिदी बहिनी तथा दन्द्ध पीडितहरुका लागि उद्यम व्यबसाय तालीम प्रदान गरी उद्यम व्यबसाय  मार्फत आर्थिक रुपममा सवल तथा सक्षम बनाइनेछ । साथै सामाजिक, शैक्षिक तथा सांस्कृतिक सशक्तीकरण गर्दै नगरको आर्थिक तथा समग्र बिकासमा महिला दिदी बहिनीहरुको सहभागिता गराउन प्रोत्साहन गरिनेछ ।

१७. कृषि उपजलाई व्यवस्थित गर्न निश्चित क्षेत्र तोकी कृषिजन्य थोक बजार, खुद्रा बजार, फलफूल व्यवसायलाई व्यवस्थित गर्न निरन्तरता दिइनेछ साथै ग्रामीण वडाहरुमा संकलन केन्द्र एवं बजार केन्द्र सञ्चालनका लागि प्रयास गरिनेछ ।

१८. नगर क्षेत्रममा रहेका प्राकृतिक ऐतिहासिक क्षेत्रको पहिचान गरी पर्यटन प्रवर्द्वन गदै आर्थिक बिकास गर्न जोड दिईने छ । भित्रीकोटलाई नगरकै प्रमुख पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ ।

१९. समग्र नगरको पर्यटन बिकासका लागि बिषयगत मन्त्रालयहरुसँग समन्वय गरी कार्यक्रमहरु संचालन गरिनेछ ।

२०. नगर क्षेत्रममा रहेको प्राकृतिक श्रोत साधनहरुको प्रारम्भिक वातावरणीय परीक्षण (IEE)गरी नदी तथा नदीजन्य उद्योगहरुको उत्खनन् तथा व्यबस्थापन गरिनेछ ।

२१. नगरपालिका भित्र रहेका ऐलानी, पर्ति र सावर्जनिक जग्गाहरुमा मझौला तथा ठूला उद्योगहरुको स्थापनार्थ सो क्षेत्रको सम्भावना अध्ययनको कार्यलाई अंगाडि बढाउन प्रदेश सरकारसँग समन्वय गरिने छ ।

२२. बढ्दो जग्गा प्लटिङ कार्यलाई निरुत्साहित गर्दै खेतीयोग्य जग्गा बाँझो राख्ने कार्यलाई रोक्न कडाइका साथ आवश्यक कानूनहरु निर्माण गरिनेछ ।

२३. नगरक्षेत्रभित्र सहकारी खेती प्रणालीलाई प्रोत्साहान गर्न बिशेष कार्यक्रमहरु संचालन गरिने छ ।

२४. प्राकृतिक श्रोत साधन जैविक विविधताको संरक्षण सम्बर्द्धन एवं सदुपयोगका लागि दिगो तथा वाताबरण मैत्री कृषि कार्यक्रमहरु संचालनमा जोड दिइनेछ ।

२५. नगर क्षेत्रभित्र रहेका सम्पूर्ण उद्योगी ब्यापारीहरुलाई करको दायरामा ल्याई बजार प्रबर्धनात्मक कार्यक्रम संचालन गरिनेछ ।

२६. उपभोक्ताहरुलाई आवश्यक पर्ने गुणस्तरीय उपभोगका सामाग्रीहरु सर्वशुलभ मूल्यमा उपलब्ध गराउन बजार अनुगमन तथा गुणस्तर नियन्त्रणका कार्यक्रमहरुलाई प्रभाबकारी रुपमा संचालन गरिने छ ।

२७. बढ्दो दूध, माछा तथा मासुजन्य उत्पादनहरुको मागलाई सहज आपूर्तिको वातावरण बनाउन नगर क्षेत्र भित्र गाई, भैंसी, माछा, बंगुर, बाखा तथा कुखुरा पालन ब्यबसायलाई प्रोत्साहान गरिनेछ । साथै आधुनिक बधशालाको निर्माणको कार्य यसै वर्षबाट अघि बढाईनेछ ।

२८. दुध तथा दुधजन्य पदार्थको उत्पादन बढाउनका लागि कृत्रिम गर्भाधान लगायतका उन्नत नश्ल सुधारका कार्यक्रमहरु थप प्रभावकारी बनाईनेछ ।

२९. नगरपालिकालाई अन्डामा आत्मनिर्भर बनाउन लेयर्स कुखुरापालन ब्यबसायलाई विशेष प्रोत्साहन गरिनेछ ।

३०. पशुपंक्षी लगायतका खाद्य बस्तुहरुको आयात प्रतिस्थापन कार्यकमका लागि बिशेष कार्यक्रम संचालन गरिनेछ ।

३१. नगर क्षेत्रभित्रका पर्यटकीय एवं धार्मिक क्षेत्रलाई व्यापक प्रचार प्रसार गरी आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षण गरिनेछ ।

३२. ग्रामीण क्षेत्रलाई होमस्टे संचालन गर्न विशेष प्रोत्साहन गरिनेछ ।

३३. परम्परागत भाषा, संस्कृति र भेषभुषा पर्वको संरक्षण गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

३४. पर्यटन पूर्वाधार विकासमा जोड दिई प्यूठान नगरपालिकालाई महत्वपूर्ण पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ ।

## सामाजिक विकास क्षेत्र

### शिक्षा

१. प्यूठान नगरपालिकालाई कक्षा १ देखि १० सम्म व्यवहारिक रुपमै **निशुल्क शिक्षा नगरपालिका** घोषणा गरिनेछ । साथै वालवालिकाको समग्र विकासका लागि अतिरिक्त क्रियाकलापहरुमा  विशेष जोड दिइने छ ।

२. विद्यालयको शैक्षिक गुणस्तर बृद्धि गर्न प्रत्येक वडाबाट माध्यमिक तहका विद्यालयका प्रधाना ध्यापकहरुसँग निश्चित मापदण्ड र सुचक बनाई कार्यसम्पादन सम्झौता गरिनेछ । कार्य सम्पादनमा राम्रो नतिजा ल्याउने विद्यालयलाई थप अनुदान र विद्यालयका शिक्षकहरुलाई पुरस्कृत गर्ने नीति अवलम्वन गरिनेछ ।

३. नगरस्तरीय पुस्तकालय स्थापना गरिनेछ । क्रमशः प्रत्येक वडामा १/१ वटा पुस्तकालय स्थापना गर्दै लगिनेछ ।

४. जेहेन्दार र गरीब विद्यार्थीलाई छात्रबृति प्रदान गरिनेछ । दुर्गमका जेहेन्दार विधार्थीलाई नमुना विद्यालयमा आवाशीय अध्ययन गराउने व्यवस्था गरिने छ ।

५. विद्यार्थी शिक्षक अनुपात मिलाउँदै शिक्षक दरबन्दी मिलान गरिनेछ ।

६. विद्यालयको शैक्षिक गुणस्तर तथा शैक्षिक पूर्वाधार विकासमा जोड दिइनेछ । आगामी दुई वर्ष भित्र विद्यार्थीहरुको आकर्षण सामुदायिक बिद्यालयमा बढी हुने गरी अंघि बढिनेछ ।

७. सबै विद्यालयमा शुद्ध खानेपानीको उचित व्यवस्था मिलाइनेछ ।

८. विद्यार्थीको सिकाइ उपलब्धि परीक्षणका आवश्यक मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

९. नगरपालिका भित्रका सवै विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई लक्षित गरी समय समयमा विषयगत विज्ञ शिक्षकहरुबाट अनलाइनको माध्यमबाट विशेष कक्षा संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

१०. सवै विद्यालयमा E-attendance को व्यवस्था गरिनेछ । नगरपालिकाका भित्र सवै विद्यालयमा एकै किसिमको Software मार्फत विद्यार्थी विवरण सहित प्रगति विवरण समेत अवद्यावधिक गरिनेछ साथै सवै विद्यालयहरुमा ई रिपोर्टिङ्गको व्यवस्था मिलाइनेछ ।

**खेलकुद**

१. आगामी आ.व. मा वडा तथा नगरस्तरीय खेलकुद विकास समिति गठन गरिनेछ ।

२. खेलकुदले स्वास्थ्य तथा अनुशासित जनशक्तिको उत्पादन गर्दछ । यही भावनालाई मध्यनजर गर्दै विभिन्न खेलकुद प्रतियोगिता मार्फत खेलकुद विकासमा जोड दिइनेछ ।

३. हरेक वर्ष नगरपालिकामा **मेयर कप खेलकुद प्रतियोगिता** सञ्चालन गरी यसलाई संस्थागत ढंगले विकास गरिनेछ ।

४. क्रमशः वडास्तरीय खेलकुद मैदान निर्माण गरिनेछ । नगर स्तरीय गणतान्त्रिक खेलकुद मैदानको स्तरोउन्नति गरिनेछ । विद्यालयमा खेलकुदका अतिरिक्त कृयाकलापहरु गर्न प्रोत्साहन गरिनेछ ।

**स्वास्थ्य र सरसफाई तर्फ**

१. आधारभूत स्वास्थ्य र सरसफाई नीति बनाई जनताको स्वास्थ्य/सरसफाइलाई उच्च प्राथमिकता दिइनेछ ।

२. नगरका दुर्गम क्षेत्रमा निशुल्क घुम्ती स्वास्थ्य शिविर संचालन गरी स्वास्थ्य जाँच प्रति जनतालाई सजग गराइनेछ ।

३. ६० वर्ष कटेका बृद्ध बा आमाहरुलाई घरमै गई स्वास्थ्य उपचार गर्ने प्रबन्ध गरिने छ ।

४. आगामी २ वर्ष भित्र पूर्ण सरसफाई युक्त नगर घोषणा गर्ने गरी क्रमशः टोल वडा सरसफाई घोषणा गर्न तह अनुरुपका क्रियाकलाप संचालन गरिनेछ ।

५. महामारी रोगबाट जनतालाई जोगाउन पूर्व सावधानी र संरक्षणमा आवश्यक व्यवस्था गरिनेछ ।

६. योग तथा आयुर्वेद उपचार पद्धतिलाई जोड दिइनेछ । नगरभित्र रहेका जडिबुटीको पहिचान गरी त्यसको उचित उपयोग गर्न आवश्यक कदम चालिनेछ । यस वर्ष कम्तिमा १ वटा आयुर्वेद स्वास्थ्य केन्द्रको स्थापना गर्न पहल गरिनेछ ।

७. यस नगरमा रहेको ५० शैयाको प्यूठान अस्पताललाई अत्याधुनिक र सुविधा सम्पन्न बनाउन केन्द्र र प्रदेश सरकार संग समन्वय गरिनेछ ।

८. हाल रहेका स्वास्थ्य चौकीवाट हुने सेवा प्रवाहलाई छिटो छरितो र गुणस्तरीय वनाउन कार्य गरिनेछ । साथै स्वास्थ्य चैकीलाई आवश्यक पूर्वाधारको व्यवस्था गरिनेछ ।

९. यसै वर्षबाट **एक वडा एक स्वास्थ्य चौकी**को अवधारणा अनुसार सबै वडाहरुमा स्वास्थ्य चौकी स्थापना गरी स्वास्थ्य सेवा प्रवाहलाई जनताको घर नजिक पुऱ्याईने छ ।

१०. सुर्तीजन्य तथा मदिराजन्य पदार्थको प्रयोगलाई नियन्त्रण गर्न सचेतना अभिबृद्धि लगायतका कार्यक्रम संचालन गरिनेछ ।

**खानेपानी**

१. प्रदेश सरकारसंगको सहकार्यमा नगर खानेपानी, सरसफाई तथा स्वच्छता योजना तयार गरिनेछ ।

२. नगरभित्रका सबै खानेपानीका मुहान संरक्षण गर्न विशेष अभियान संचालन गरिनेछ । खानेपानीको स्रोत बचाउन उपयुक्त स्थानमा पोखरी निर्माण गरिनेछ । **एक टोल एक पोखरी** अभियान सञ्चालन गरिनेछ ।

३. नगरभित्र प्रत्येक घरमा स्वच्छ सफा खानेपानीको व्यवस्था मिलाइनेछ । साथै **एक घर एक धारा**को अभियानलाई निरन्तरता दिइनेछ ।

४. नगरभित्रका सबै खानेपानीको गुणस्तर परीक्षण गरी गुणस्तरीय खानेपानीमा जनतालाई आश्वस्थ गरिनेछ ।

५. शहरमा मुख्य स्थानमा स्वच्छ खानेपानी र सार्वजनिक शौचालयको व्यवस्था मिलाइनेछ । साथै धेरै मानिसको आवत जावत हुने ठाउँहरुमा घुम्ती शौचालयको प्रबन्ध गरिनेछ ।

**लैंगिक नीति**

**१. लैंगिक हिंसामुक्त नगर** बनाउन आवश्यक प्रवर्धनात्मक, उपचारात्मक र निरोधात्मक उपायहरु अवलम्बन गरिनेछ ।

२. हिंसा पीडितहरुका लागि आपतकालीन उद्धारका लागि **आपतकालीन उद्धार केन्द्र** स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।

३. महिला माथि हुने सबै प्रकारका हिंसाको अन्त्य गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

४. महिलाको क्षेत्रमा गरिने लगानी बृद्धि गर्दै लगिनेछ । महिलालाई रोजगारीमा प्राथमिकता दिइनेछ ।

५. महिलाको क्षमता बृद्धि गर्ने कार्यक्रम संचालन गरिनेछ ।

**बालबालिका/युवा/किशोर/किशोरी**

१. नगर तथा वडास्तरमा बालक्लब, बाल संजाल र बाल संरक्षण समिति गठन गरिनेछ ।

२. अनाथ तथा असहाय वालवालिकाको लागि आपतकालीन बाल उद्धार कोषको स्थापना र व्यवस्थापन गरिनेछ ।

३. सबै प्रकारको बाल हिंसा तथा वाल श्रमको निवारण गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

४. युवा वर्गलाई लक्षित गरी विभिन्न सीपमूलक तालिम संचालन गरी स्वरोजगारको व्यवस्था गरिनेछ ।

५. आगामी १ वर्ष भित्र वालमैत्री नगर घोषण गर्ने गरी कार्यकम अंगाडि वढाइनेछ ।

**अपाङ्गता भएका व्यक्ति**

**१. ग** बर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई जिविकोपार्जन भत्ता उपलब्ध गराइने छ ।

२. नगरभित्र बन्ने सबै सार्वजनिक निर्माणका भौतिक संरचनालाई अपाङ्गमैत्री बनाउँदै लगिनेछ ।

३. अपाङ्गको सीप र क्षमता विकास गर्न सिपमूलक तालिम संचालन गरिनेछ ।

**जेष्ठ नागरिक**

१. जेष्ठ नागरिक सञ्जालको प्रभावकारी परिचालन गरिनेछ ।

२. जेष्ठ नागरिकहरुको आत्म सम्मान बठाउने कार्यक्रमहरु सञ्चालन गरिने छ ।

३. जेष्ठ नागरिकको सिप युवा पुस्तालाई हस्तान्तरण गर्न आवश्यक कार्यक्रम संचालन  गरिनेछ ।

**सामाजिक सुरक्षा/व्यक्तिगत घटना दर्ता**

१. आधुनिक प्रविधिमैत्री सामाजिक सुरक्षा र व्यक्तिगत घटना दर्ता अभिलेख व्यवस्थापनलाई अझ प्रभावकारी बनाउँदै लगिनेछ ।

२. व्यक्तिगत घटना दर्ताको महत्व जनस्तरमा पु¥याउन आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

**गैर सरकारी संस्था**

१. नगरपालिका र गै.स.स.को समन्वय र साझेदारीमा सामाजिक परिचालन कार्यक्रम संचालन गरी सामाजिक परिचालन कार्यलाई अरु बढी मजबुद र विश्वशनीय बनाइने छ ।

२. विकासका गतिविधिहरुलाई अझ प्रभावकारी बनाउन सामाजिक परिचालन कार्यमा गैर सरकारी क्षेत्रको क्षमतालाई प्रयोग गरिने छ ।

३. सम्पूर्ण गैर सरकारी संस्थाहरुको कार्यक्रमलाई नगरपालिकाको मातहतमा ल्याई एक ढोके (One Door Policy) नीति अन्तर्गत सञ्चालन गरिनेछ ।

**पछाडि पारिएका बर्ग, दलित, आदिबासी जनजाती :**

१. पिछडिएका वर्ग दलित, आदिबासी, जनजातीको हकहितको संरक्षण शसक्तीकरण गर्न नगरका सबै क्षेत्रमा पहुँच बृद्धि गर्दै लगिनेछ ।

२. आदिबासी, जनजातीको भाषा, धर्म संस्कृतिको संरक्षण, प्रचार-प्रसार गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

३. पिछडिएका वर्गको परम्परागत पेशालाई संरक्षण गर्दै आधुनिक तथा व्यवसायिक बनाई आत्मनिर्भर गराइनेछ ।

## पूर्वाधार विकास क्षेत्र

१. रु १० लाख भन्दा साना रकमका पूर्वाधारका योजनाहरुलाई निरुत्साहित गरिनेछ ।

२. मर्मत सम्भार गर्नु पर्ने खानेपानी तथा सिंचाइ योजनाहरुको लागि मर्मत संभार कोष स्थापना गरी वडाको निर्णय वमोजिम योजना छनौट गरी मर्मत सम्भार गरिनेछ ।

३. नगरपालिका क्षेत्र भित्र रहेका वस्तीहरुमा खानेपानी योजना संचालनगर्दा एक घर एक धाराको नीति कायमै राखिनेछ । व्यक्तिको आवादी भित्र रहेको पानीको मुहानमा खानेपानीलाई पहिलो प्राथमिकता र सिंचाइलाई दोश्रो प्राथमिकता दिइने छ भने उक्त मुहानमा व्यक्तिले दावी गर्न पाइने छैन ।

४. वडाको वजेटवाट संचालन गरिने पूर्वाधार तर्फका कार्यक्रम नगरपालिका सँग साझेदारीका रुपमा सञ्चालन गरिने नीति अवलम्वन गरिने छ ।

५. वि.स. २०७५ साल माघ मसान्त सम्म सम्पन्न भएका पक्की घरहरुको मिति २०७७ असार मसान्त सम्म मात्र अभिलेखीकरण प्रकृयामा लगिने छ ।

६. सहायक राजमार्ग भालुवाङ प्यूठान सडकको क्षेत्राधिकार १५/१५ मिटर वाहिरको घरको मात्र अभिलेखीकरण गरिनेछ भने सम्पन्न भइसकेका तीन तल्ला भन्दा वढी तल्ला भएका भवनहरुको अभिलेखीकरण तथा नक्सा पास गरिने छैन ।

७. अभिलेखीकरण गर्दा नगरपालिकाको सडक नर्म्स भित्र रहेका घरहरुको मात्र अभिलेखीकरण गरिने छ ।

८. नक्सापास नगरी जथाभावी रुपमा जुम्रिखोला देखि वाग्दुला वजार, झिमरुक नदी सम्मको क्षेत्रमा निर्माण हुने घरहरुको अभिलेखीकरण र नक्सा पास गरिने छैन तर प्रकृया पुगी आएका भवनहरुको नियमअनुसार नक्सापास गरिनेछ ।

९. नक्सा पास तथा अभिलेखीकरण गर्दा सम्वन्धित वडा कार्यालयवाट आवश्यक प्रकृया पुऱ्याई लिएको वडाको सिफारिस पश्चात प्रकृयामा लगिनेछ ।

१०. नगरपालिकाको एकीकृत शहरी विकास गुरु योजना वमोजिम वस्ती विकासका लागि छनौट गरिएको प्यूठान नगरपालिकाको वडा नं. २ र ३ को चितीखोला देखि रातामाटा विद्यालय गेट सम्मको क्षेत्र र भालुवाङ प्यूठान सडक देखि १ कि.मी. उत्तरको क्षेत्रलाई आधुनिक वस्ती विकासको लागि DPR तयार गरी सो क्षेत्रलाई क्रमश निश्चित समयको लागि विक्री वितरणमा रोक लगाउने र सम्वन्धित पक्षसँग अन्तरक्रिया गरी कार्यान्वयनमा लगिने छ ।

११ नगरपालिका तथा वडा भित्र पूर्वाधार योजना निर्माण गर्दा हेभी इक्यूपमेन्ट प्रयोग गर्नु पर्ने अवस्थामा नगरपालिकामा भएका हेभी इक्यूपमेन्टलाई पहिलो प्राथमिकतामा राखी योजना निर्माण गर्नु पर्ने छ ।

# वन, वातावरण, सरसफाइ तथा विपद व्यवस्थापन

१. नगरक्षेत्र सडक संजालहरु मध्ये प्रत्येक वर्ष एउटा सडकलाई वृक्षारोपण गरी हरियाली प्रवर्द्धन गरी वातावरणमैत्री नमुना सडकको रुपमा विकास गरिनेछ ।

२. सरसफाई र वातावरण संरक्षण सम्वन्धी कृयाकलाप सञ्चालनका लागि टोल विकास संस्थाहरुको भूमिकालाई प्रभावकारी तुल्याइनेछ ।

३. नगरपालिकालाई पूर्ण सरसफाईयुक्त र वातावरणमैत्री वनाउने अभियान अंगाडि वढाइनेछ ।

४. सवै वडाहरुमा सरसफाइका कार्यक्रमहरु संचालन गरिने छ । सरसफाइका गतिविधिहरुलाई अनिवार्य पालना गर्न “विद्यालय मार्फत विद्यार्थी, विद्यार्थी मार्फत अभिभावक” साथै समुदायको अगुवाइमा सरसर्फा कार्यक्रमलाई प्रभावकारी रुपमा लागू गरिनेछ ।

५. वातावरण र सरसफाईको क्षेत्रमा उत्कृष्ट कार्य गर्ने टोललाई पुरस्कृत र सम्मान गरिनेछ ।

६. खानेपानीका मुहानमा पानी पोखिने जातका बोटविरुवाहरुको वृक्षारोपण गरिनेछ ।

७. नगर क्षेत्रभित्रको सरसफाइको लागि तोकिएको शुल्कमा रकम उठाउन पाउने गरी निजी क्षेत्रसंग सहकार्य गरिनेछ ।

८. सार्वजनिक निजी साझेदारी मार्फत सरसफाई तथा वातावरण सुधारका कार्यक्रमहरु संचालन गरिनेछ ।

९. जलवायु परिवर्तनका असर न्यूनीकरण तथा अनुकूलनका कार्यक्रमहरु संचालन गरिनेछ ।

१०. नगरपालिका भित्रका छाडा गाईवस्तुहरु नियन्त्रण गर्न उचित प्रवन्ध मिलाइनेछ ।

११. फोहरका अधिकांश वस्तुहरु प्लाष्टकसँग सम्वन्धित हुने हुँदा यस नगरपालिकाभित्र प्लाष्टिक झोला निरुत्साहित गर्न आवश्यक पहल गरिनेछ ।

१२. नगरपालिकाले फोहरमैला व्यवस्थापन गर्न वर्षको कुनै महिनाको कुनै हप्तालाई सरसफाइ सप्ताह घोषण गरिनेछ ।

१३. सामुदायिक वन उपभोक्ता समितिहरुको अभिलेख नियमन तथा व्यवस्थापन गरिनेछ ।

१४. नदी किनार, नदी उकास, नहर किनार तथा सडक किनारमा वृक्षारोपण गर्न आवश्यक व्यवस्था गरिनेछ ।

१५. प्रत्येक वडाहरुमा एक नर्सरी स्थापना गर्ने, विरुवा उत्पादन, वितरण, रोपण र प्रवर्द्धन गर्ने नीति लिइनेछ ।

१६. सामुदायिक एवं सार्वजनिक भूसम्रक्षण र जलाधार व्यवस्थापनजन्य सामुदायिक अनुकूलन कार्यक्रम गरी मिचाहा प्रजातिको नियन्त्रण गरिनेछ ।

१७. सार्वजनिक खाली जग्गा, पाखा वा क्षेत्रमा बृक्षारोपण, हरियाली तथा हरित क्षेत्रको प्रर्वद्धन गरिनेछ ।

१८. नगरपालिका क्षेत्रभित्र रहेका सार्वजनिक शौचालय व्यवस्थापन गरिनेछ र आवश्यकता अनुसार नयाँ निर्माण गरिनेछ ।

१९. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, जोखिम न्यूनीकरण कार्य योजना वनाई लागु गरिनेछ ।

२०. विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरुको पहिचान र स्थानान्तरण गर्न आवस्यक पहल गरिनेछ ।

२१. विपद् कोषको स्थापना तथा सञ्चालन र स्रोत साधनको परिचालन गर्ने कार्यलाई अघि बढाइनेछ ।

२२. विपद् जोखिम न्यूनीकरणका लागि पूर्व सूचना प्रणाली सम्बन्धी कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्न आवश्यक पहल गरिनेछ ।

२३. नगरपालिकामा हुन सक्ने सम्भावित जोखिमलाई मध्यनजर गरी वारुण यन्त्र तथा एम्बुलेन्स खरिद एवम व्यवस्थापन गर्न संवन्धित सवै निकायहरु सँग आवश्यक पहल गरिनेछ ।

२४. नगरक्षेत्रभित्र रहेका ताल तलैयाहरुको पहिचान, संरक्षण गरी पर्यावरण सन्तुलन गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।

२५. नगरपालिका क्षेत्र भित्र भएका सामुदायिक वन, वातावरण, फोहोरमैला तथा विपद् व्यवस्थापनसँग सम्बन्धित सामुदायिक एव निजी संघ संस्थाहरु वन, वातावरण, फोहोरमैला तथा विपद् व्यवस्थापन शाखा अन्तर्गत रहने व्यवस्था मिलाइनेछ ।

२६. नया ट्र्याक एवम् पुराना सडक बाटोहरु दायाँ वायाँ वृक्षारोपण अनिवार्य गर्ने नीतिलाई कडाइका साथ लागू गर्न आवस्यक पहल गरिनेछ ।

२७. वन, बीउ, बगैंचा स्थापना, व्यवस्थापन र प्रवर्द्धन गरी नर्सरी स्थापना, बिरुवा उत्पादन, बितरण, रोपण कार्यलाई प्रवर्द्धन गरिनेछ ।

२८. प्राकृतिक प्रकोप (बाढी, पहिरो, भूक्षय, बन, फोहरमैला संम्बधी) न्यूनीकरण सम्वन्धी तालिम एवम अभिमुखीकरण कार्यलाई प्राथमिकतामा राखिनेछ ।

२९. उपयुक्त ल्याण्डफिल्ड साइट सम्भाव्यता अध्ययन गर्न विज्ञहरुको एक टोली गठन गरी व्यवस्थापन कार्य अंघि बढाइने छ ।

३०. जडीवुटी, गैरकाष्ठ, वन पैदावार सम्बन्धी, सर्भेक्षण, उत्पादन, सङ्कलन, प्रवर्द्धन, प्रशोधन र बजार व्यवस्थापन गर्ने नीति लिइनेछ ।

३१. सरसफाई व्यवस्थापनका लागि 4R अर्थात Refuse, Reuse, Reduce and Recycle को अवधारणा अपनाई व्यवस्थित गरिनेछ ।

३२. वन तथा वन पैदावरसँग सम्बन्धित उधोगहरुलाई थप प्रोत्साहन गरिनेछ ।

# वित्तिय व्यवस्थापन र राजश्व परिचालन

१. प्यू.न.पा.ले आन्तरिक राजश्वका प्रमुख श्रोतहरुको सम्भाव्यता पहिल्याउने, समस्याको पहिचान गर्ने प्रभावकारी कार्यान्वयनको नीति अवलम्बन गरिनेछ ।

२. समयमै कर तिर्ने करदातालाई प्रोत्साहन र पुरुस्कृत गर्ने कर तिर्न अटेरी गर्ने वा कर नतिर्ने करदातालाई दण्डित गर्ने नीति अबलम्बन गरिनेछ ।

३. करदातालाई सरल र सहजतरिकाले कर तिर्ने बातावरणको सिर्जना गरिनेछ, बैज्ञानिक कर प्रणाली अवलम्वन गरिदै लगिनेछ ।

४. आ.व. २०७६।०७७ को मङ्सिर मसान्तभित्र विज्ञ र सरोकारवालाको सहयोगमा राजश्व सम्भाव्यता अध्ययन तथा प्रक्षेपण गरिसकिनेछ ।

५. नियमितअनुगमन टोली परिचालन गरि करको दायरामा नआएका करदाता एवं व्यवसायिहरुको पहिचान गरी करको दायरा भित्र ल्याउने प्रयास शुरु गरिनेछ।

६. आन्तरिक आयलाई बैज्ञानिक र व्यवस्थित ढंगले खर्च गर्ने कार्यको थालनी गरिनेछ।

७. स्थानियतहको स्थानीयबासीको आवश्यकतालाई महसुस गर्ने गरीआन्तरिक आय विनियोजित हुनेछ । अधिकार क्षेत्रभित्र रहेको कर संकलनको दायरालाई वढाउदै लगिनेछ ।

८. जनतालाई हामीले तिर्ने कर हाम्रो लागी हो भन्ने भावनाको विकास गर्नको लागी वडा र वस्ती स्तरीय करदाता शिक्षा अभियान संञ्चालन गरिनेछ।

९. "कर प्रणालीमा सुधार, नगरपालिका बिकासको मुल आधार" भन्ने अवधारणा अनुसार अघि बढिनेछ ।

१०. "कर तिरौं, सभ्य नागरिकको परिचय दिऔं" भन्ने अभियान चलाईनेछ ।

११. व्यवसाय दर्ता लगायतका कर संकलन गर्न समय/समयमा घुम्ति शिविर सञ्चालन गरिनेछ ।

१२. छरिएर रहेका साना-साना व्यवसायलाई औपचारिक रुपमा करको दायरामा ल्याउन प्रोत्साहन गर्ने कार्यक्रम चलाईनेछ ।

१३. राजश्व शाखाको क्षमता अभिबृद्धि गरिनेछ ।

१४. यसै बर्ष देखि Online राजश्व संकलन गरिनेछ ।

१५. बार्षिक लक्ष्यभन्दा बढि आन्तरिक आय तथा राजश्व संकलन हुन आएमा लक्ष्यभन्दा वढी उठेको केही वाट राजश्व शाखामा कार्यरत कर्मचारहरुलाई प्रोत्साहन भत्ता उपलब्ध गराईनेछ ।

१६. सम्पत्ति कर, लिंदा प्यूठान नगर क्षेत्रको मोटरबाटोको दाँयाबाँयाको मूल्यांकनको हकमा बाटोमा परेको तर भिर काल्नो, खञ्यान जग्गाको हकमा जग्गाको किसिम अनुसार कर लिने व्यवस्था गरिनेछ ।

नगर क्षेत्र भित्रव्यक्तिको नाममा रहेको तर खोला हिडेको जग्गाको मालपोत मूल्यांकनमा ९० प्रतिशत घटाई कर लिईनेछ ।
१७.अति विपन्न गरिव र दैविकप्रकोप पिडीत व्यक्तिको हकमा सिफारिस शुल्क निशुल्क हुने व्यवस्था गरिनेछ।

१.८ नगरपालिकालाई संविधानतः प्राप्त भएको राजश्व संकलनका समग्र क्षेत्रलाई समेटेर राजश्व सम्बन्धी बृहत अध्ययन अनुसन्धान प्रतिवेदन तयार गरी आयका क्षेत्रहरु पहिचान गरिनेछ ।

१९. नगरको राजश्व संकलनको यथार्थ स्थिति र राजश्व सङ्कलनको सम्भाव्यता अध्ययन गरी सरल कर प्रणालीको विकास गरिनेछ ।

२०. व्यवसाय कर स्थलगत रुपमा संकलन गरी बक्यौता असुली प्रकृयालाई निरन्तरता दिइनेछ । राजश्व परिचालनको क्षेत्रमा कर्मचारी खटाई विशेष प्रोत्साहन कार्यक्रम ल्याईनेछ ।

२१. राजश्व सङ्कलन प्रकृयालाई वडातहमा संस्थागत गर्न यसै आर्थिक बर्ष भित्र नगरको राजश्व संकलनको यथार्थ स्थिति र राजश्व संकलनको सम्भाव्यता अध्ययन गरी सरल कर प्रणालीको विकास गरिनेछ ।

२२. यसै आर्थिक बर्ष भित्र सफ्टवयर मार्फत रकम लिने प्रणालीलाई सम्पूर्ण वडाहरुमा स्थापित गरी छिटो, छरितो र चुस्त, दुरुस्त रुपमा सेवा प्रवाह गरिनेछ ।

## संस्थागत सेवा प्रवाह र सुशासन

१. संविधानतः स्थानीय तहको सरकारको जिम्मेवारी सम्पादन गर्न आवश्यक संस्थागत संरचना, जनशक्ति व्यवस्थापन तथा समायोजन नया प्रक्रिया अवस्थामा तदर्थ व्यवस्थापन अन्तर्गत आवश्यकताको आधारमा नगरकार्यपालिका, वडा कार्यालय लगायतका बिषयमा शाखाको तहगत जिम्मेवारी बाँडफाँडको व्यवस्थालाई निरन्तरता दिईनेछ ।

२. सबै वडामा सुविधा सम्पन्न वडा कार्यालयहरुको व्यवस्थापन गर्ने सन्दर्भमा क्रमशः वडा कार्यालयहरुको नयाँ भवन निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३. जनप्रतिनिधिहरुको क्षमता विकास एवं अनुभव आदान प्रदानको लागि अन्तर नगरपालिका भ्रमण गरी शहरी सुशासन तथा विकासको लागि आवश्यक ज्ञान र सीपको बिकास गरिनेछ ।

४. कर्मचारीहरुलाई आवश्यक तालिम, प्रशिक्षणको माध्यमबाट मानव संशाधन विकास एवं क्षमता अभिबृद्धि गरी नागरिक प्रति सेवामुखी एवं जवाफदेही बनाउँदै लगिनेछ ।

५. नगरवासीहरुको गुनासालाई वडा स्तरमा वडा सचिव र नगरस्तरमा गुनासो सुन्ने अधिकारी मार्फत व्यवस्थापन गरिनेछ ।

६. स्थानीय तहका विवादहरु स्थानीय तहमा नै समाधानका लागि संचालनमा आएको मेलमिलाप पद्धतिलाई स्थानीय सरकार सञ्चालन ऐन अनुसार नगरपालिकाको न्यायिक समितिबाट सम्पादन हुने काममा आवद्ध गरी थप प्रभावकारी बनाइनेछ ।

७. परिमार्जित नागरिक वडापत्र लागु गरी सेवाग्राहीहरुलाई उत्कृष्ट सेवा प्रदान गरी **मुस्कानका लागि सेवा** भन्ने अभियान सञ्चालन गरिनेछ ।

८. प्रविधि मैत्री सेवा प्रवाहलाई अवलम्बन गरिनेछ ।

९. सार्वजनिक महत्वको सूचना उपलब्ध गराउन नागरिक सूचनाको हकलाई पूर्ण रुपमा प्रचलनमा ल्याइनेछ ।

१०. स्थानीय तह गठन भएको दिनलाई स्थानीय दिवसको रुपमा मनाइनेछ ।

११. आम नगरबासीहरुको सूचनाको हकलाई उच्च प्राथमिकता दिंदै नगरपालिका क्षेत्रमा संचालन गरिने विकास र सुशासनका गतिविधिलाई नियमित रुपमा नगरवासी समक्ष पुऱ्याउन एवं समग्र नगर विकास प्रक्रियामा आवश्यक सल्लाह, सूझाव र प्रतिक्रिया प्राप्त गर्न सबैको पहुँच पुगोस् भन्ने अभिप्रायले स्थानीय एफ.एम. रेडीयोसँग सहकार्य गरी **प्यूठान नगर आवाज** रेडियो कार्यक्रम नियमित प्रशारणको व्यवस्था मिलाइनेछ ।

१२. नगर कार्यपालिकाको क्रियाकलापलाई पारदर्शी, जवाफदेही र मितव्ययी बनाउन नियमित रुपमा सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, खर्च सार्वजनीकीरण जस्ता विधि र प्रकृयालाई नियमित बनाइनेछ ।

१३. सबै कर्मचारीहरुको कार्यपालिकाबाट कार्यविवरण (TOR) बनाई लागु गरिनेछ ।

१४. हरेक बर्ष नगर कार्यपालिकाबाट करदाता, कर्मचारी, संचारकर्मी लगायतका क्षेत्र बिशेषमा योगदान गर्ने व्यक्तिहरुलाई पुरस्कृत तथा सम्मान गरिनेछ ।

१५. आर्थिक बर्षको अन्तिम तीन महिनामा बार्षिक कार्यक्रम संशोधन गर्ने र विनियोजित बजेटको ५० प्रतिशत भन्दा बढी खर्च गर्ने प्रबृत्तिमा निरुत्साहित गरिनेछ ।

१६. नगर सभामा बार्षिक बजेट प्रस्तुतिसँगै बार्षिक खरिद योजना तयारीलाई अनिवार्य गरिनेछ ।

१७. विकास योजनाहरुको ठेक्कापट्टा तथा सम्झौता निर्धारित समय भित्रै गरिने साथै बिद्युतीय बोल पत्रलाई पूर्ण रुपमा प्रयोग गरिनेछ ।

१८. बेरुजु नियन्त्रण गर्न आन्तरिक लेखापरीक्षण शाखा र कर्मचारीको व्यवस्था गरिनुको साथै लेखा उत्तरदायी अधिकारीलाई जिम्मेवार तुल्याइनेछ ।

१९. गत आर्थिक बर्षका बेरुजुहरु क्रमशः फछ्र्यौट गर्दै लगिनेछ । नगरपालिकाबाट असुल गर्नुपर्ने बेरुजुको बजेटमा नै व्यवस्था गरिने तथा अन्य संस्था, निकाय, व्यक्तिबाट असुल गर्नुपर्ने बेरुजु कडाइका साथ असुल गर्ने र नयाँ बेरुजु हुने अवस्थालाई निरुत्साहित गरी शुन्य बेरुजुको अवधारणा लागू गरी आर्थिक अनुशासन कायम गरिनेछ ।

२०. भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्दै भ्रष्ट्राचार गरेको पाइएमा नियमानुसार कडा भन्दा कडा कारवाही गरिनेछ ।

२१. रु. ५ लाख भन्दा साना आयोजनाहरुलाई वडा स्तरीय अनुगमन तथा मूल्यांकन समितिले र त्यस भन्दा माथिका योजनाका हकमा नगरस्तरीय अनुगमन तथा मूल्याङ्कन समितिले अनुगमन तथा मूल्याङ्कन समितिबाट अनुगमन गरे पछि मात्रै अन्तिम भुक्तानि गरिनेछ ।

२२. नगरपालिकाको गरिमामय अभियानहरु **खुल्ला दिशामुक्त अभियान**, **पूर्ण साक्षर अभियान**, **पूर्ण खोपयुक्त/बालमैत्री अभियान**, **बातावरणमैत्री वडा घोषणा अभियान**लाई थप प्रभावकारी र पूर्ण रुपमा नियमन गर्न अनुगमन समिति गठन गराई नियमित अनुगमन गरिनेछ ।

२३. नगरकार्यपालिका अन्तर्गतमा रहेका मर्मत सम्भार कोष, विपद व्यवस्थापन कोष, कर्मचारी कल्याणकारी कोषहरुको परिचालनका लागि आवश्यक कार्यविधि बनाइनेछ ।

२४. नगरक्षेत्र भित्र संचालन हुने तालिम कार्यक्रम, अभिमुखीकरण तथा क्षमता विकास कार्यक्रम, अनुगमन तथा मूल्याङ्कन कार्यक्रम, प्राविधिक कर्मचारीहरुको फिल्ड भत्ता, पदाधिकारी तथा कर्मचारीहरुको बैठक भत्ता लगायतका अन्य भत्ताहरुका लागि खर्च संचालन निर्देशिका तयार गरी एक रुपता कायम गरिनेछ ।

**सूचना तथा प्रविधि :**

१. नगरपालिकाका सबै सूचनालाई वेभसाइट मार्फत प्रकाशन गरी सूचनामा नागरिकको पहुँच बढाइनेछ ।

२. नगरपालिका क्षेत्रभित्रका रेडियो पत्रपत्रिकाको प्रवर्धन गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ । नगरपालिकाको विकास प्रबर्द्धनमा योगदान पुऱ्याउने संचार माध्यम र संचार कर्मीलाई पुरस्कृत गर्दै लगिनेछ ।

३. नगरपालिकाका सबै अभिलेखलाई क्रमशः डिजीटलाइट गर्दै लगिनेछ ।

४. प्रविधि मैत्री सेवा प्रवाहलाई अवलम्बन गर्दै लगिनेछ ।

५. सेवा प्रबाहमा पारदर्शिता, कायम गर्न सार्वजनिक सुनुवाइ कार्यक्रम संचालन गरिनेछ ।

६. प्यूठान नगरपालिकाका विकास गतिविधि सेवा प्रवाह लगायतका बिषयहरु समेटी हरेक ४ महिनामा **प्यूठान मुखपत्र** प्रकाशित गरिने छ ।

७. सवै वडाहरुमा अप्टिकल फाईबर सहितको उच्च गतिको इन्टरनेट पुऱ्याउन नीजि क्षेत्रसँग साझेदारी गरी योजना कार्यान्वयन गरिनेछ ।

८. नगरपालिकाका सवै शाखा तथा जनप्रतिनिधिहरुलाई एकै साथ सूचना प्रवाह हुने गरी "इ-सम्पर्क" को विकास गरिनेछ । सो को लागि जनप्रतिनिधि र कर्मचारी सवैलाई सूचना प्रविधिमैत्री गराइनेछ ।

९. नगरपालिकाको वेवसाईट, मोवाईल एप्स, एस.एम.एस. प्रणाली, फेसबुक पेज, ट्वीटर पेजलाई प्रभावकारी रुपमा संचालन गरी तत्काल सूझाव लिन र दिन मिल्ने पद्धतिको विकास गरिनेछ ।

१०. नगरपालिकामा विद्युतीय सुशासनलाई आवश्यक पूर्वाधार, सूचना तथा प्रविधि कक्षलाई पूर्ण रुपमा आधुनिक बनाइनेछ ।

११. सवै वडा कार्यालयमा विद्युतिय हाजिरी (E-Attendance) तथा CCTV जडान गरी सेवाग्राहीमैत्री कार्यालयको रुपमा विकास गरिनेछ ।

१२. यसै बर्षबाट नगरपालिकाको **टोल फ्री नम्बर र अडियो नोटिस बोर्ड**को संचालन गरिनेछ ।

१३. यसै बर्षबाट आर्थिक प्रशासन शाखालाई अनलाइन गरिएकोमा यसलाई थप व्यवस्थित गरिनेछ ।

१४. प्रत्येक सेवाग्राहीले कर तथा शुल्क तिरेको विवरण तत्कालै एस.एम.एस. बाट दिने प्रणाली लागू गरिनेछ ।

१५. अनलाईन कर तिर्ने प्रणाली (Online) प्रणालीको लागि आश्यक थालनी गरिनेछ ।

१६. घर नक्शा पास गर्ने प्रणालीलाई डिजिटल प्रणालीमा लगिनेछ ।

१७. नगरपालिकाका सवै पुराना र महत्वपूर्ण कागजातहरुलाई Digitalized गरि व्यवस्थित गरिनेछ ।

१८. मुख्य मार्ग अन्तरगत मुख्य बजार क्षेत्रमा CCTV जडान गरिनेछ ।

**आदरणीय नगरसभा सदस्यज्यूहरु,**

उपरोक्त नीति तथा कार्यक्रम माथि यस सम्मानित सभामा उपस्थित हुनु भएका नगर सभा सदस्यज्यूहरुबाट प्रभावकारी कार्यान्वयनका लागि सल्लाह र सूझावको अपेक्षा गरेको छु । नगरपालिकाको श्रोत क्षमता भित्रका आयोजनाहरुलाई यस बर्षको नगरसभा, वडा सभा, विषयगत समितिमा व्यापक छलफल गरी सन्तुलित र दीगो बनाउने प्रयास गरिएको छ । नगरपालिकाको

उपलब्ध श्रोत र साधनले धान्न नसकेका योजनाहरुलाई क्रमश प्रदेश र केन्द्र सरकारसंग समन्वय गरिने छ ।

कुनै एक क्षेत्रको विकासले मात्रै समग्र नगरको सन्तुलित विकास हुन नसक्ने वस्तुगत तथ्यलाई मनन गर्दै, योजना तथा कार्यक्रम तय गर्दा सवै क्षेत्रलाई समेट्ने प्रयास गरिएको छ । यसवाट सवै क्षेत्रको सन्तुलित विकासमा टेवा पुग्न जाने विश्वास लिएका छौं भने अर्को तर्फ सिमित श्रोत र साधनलाई परिचालन गर्नुपर्दा श्रोत छिरोलिन गएको भन्ने आलोचनावाट मुक्त हुन पनि आगामी दिनमा थप श्रोत पहिचान र परिचालनलाई ध्यान पुऱ्याउनु जरुरी देखिएको छ । योजना तर्जुमा गर्नु मात्र महत्वपूर्ण विषय होइन, यसको लक्ष्य एवं उद्देश्यहरु प्राप्तिका लागि प्रभावकारी कार्यान्वयन, अनुगमन एवं मुल्यांकन जरुरी हुन्छ । यसका साथै आवश्यक क्षमता विकास, संस्थागत, नीतिगत, कार्यविधिगत सुधारका कार्यहरु समेत आवश्यक पर्न जान्छन् । यसको लागि आवश्यकतानुसार सरकारी, गैर सरकारी, नागरिक समाज, संचारकर्मी, उपभोक्ता समेतको संयुक्त सहभागितामा, सम्पादित कामको गुणस्तरको सुनिश्चितता, पारदर्शिता एवं उत्तरदायित्व वहनमा थप टेवा पुग्ने विश्वाँस लिएका छौं ।

नीति तथा योजना तर्जुमाका शिलशिलामा महत्वपूर्ण योगदान पुऱ्याउनु हुने नगर सभा सदस्य ज्यूहरु, कार्यपालिकाका सदस्यज्यूहरु, विषयगत समितिका सदस्यज्यूहरु, नगरस्तरीय राजनैतिक दलका प्रतिनिधिज्यूहरु, उद्योग वाणिज्य संघका प्रतिनिधिहरु, साझेदार संस्थाहरु, गैससहरु, पत्रकारहरु, सामुदायिक तथा निजी क्षेत्र, सम्पूर्ण संघसंस्था लगायत योजना तर्जुमामा अहोरात्र खटिने नगरपालिकाका कर्मचारीहरुमा विशेष धन्यवाद ज्ञापन गर्दछु ।

नगरबासीहरुको चौतर्फी मागलाई मध्यनजर गर्दै नगरपालिकाबाट सम्बोधन हुन नसकेका योजनाहरुलाई प्रदेश स्तर र केन्द्रस्तरबाट सम्वोधन होस् भन्ने हेतुले आवश्यक पहलका लागि प्रदेश सभा सदस्य र व्यवस्थापिका संसदका माननीय सदस्यज्यू मार्फत अनुरोध गरिनेछ । यहाँहरु सवैबाट नगरको विकासको हरेक अभियानहरुमा सहभागिता, सूझाव र सहयोग निरन्तर प्राप्त हुने विश्वास लिएको छु । अन्तमा यस नीति तथा कार्यक्रम तर्जुमा गर्न प्रत्यक्ष, अप्रत्यक्ष रुपमा अमूल्य सूझाव र सहयोग उपलव्ध गराई सहयोग पुऱ्याउनुहुने सबै महानुभावहरु तथा निकायहरुमा आभार व्यक्त गर्दै हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।

नगर प्रमुख
अर्जुन कुमार कक्षपती
२०७६ असार १०